# स्थानीय राजपत्र

## भूमिकास्थान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### नुवाकोट, अर्घाखाँची

भूमिकास्थान नगरपालिका अन्तर्गतका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने कार्यविधि, २०८२

**नगर कार्यपालिकाको मिति : २०८२/०९/२८ गतेको कार्यापालिकाको बैठकबाट पारित**

**प्रस्तावना:**

नेपालको संविधानको धारा ३४ को उपधारा २ अनुसार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हकको सुनिश्चितता गर्न वाञ्छनिय भएकाले भूमिकास्थान नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाइ लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम “भूमिकास्थान नगरपालिका अन्तर्गतका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८२” रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले पारित गरेको मिति देखी लागु हुनेछ ।

**२. परिभाषाः** बिषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) “नगरपालिका” भन्नाले भूमिकास्थान नगरपालिका सम्झनु पर्दछ ।

(ख) " नगर सभा" भन्नाले भूमिकास्थान नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ग) "संविधान" भन्नाले नेपालको संविधान, २०७२ सम्झनु पर्दछ ।

(घ) "वडा" भन्नाले भूमिकास्थान नगरपालिका अन्तर्गतका सबै वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

(ङ) "स्वास्थ्य संस्था" भन्नाले भूमिकास्थान नगरपालिका नगर कार्यपालिका कार्यालय मातहत रहेका स्वास्थ्य संस्थाहरुलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख" भन्नाले भूमिकास्थान नगरपालिका नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) "उप प्रमुख" भन्नाले भूमिकास्थान नगरपालिका नगर उप प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भूमिकास्थान नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(झ) "सामाजिक सुरक्षा कोष" भन्नाले सङ्घीय सरकारबाट बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को कोषलाई सम्झनु पर्दछ ।

(ञ) “करारका कर्मचारी” भन्नाले भूमिकास्थान नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तान संघ,प्रदेश र स्थानीय तहबाट स्वीकृत अस्थायी दरबन्दीमा काम गर्ने करार सेवाका कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

(ट) “रोजगारदाता” भन्नाले रोजगारी सिर्जना गर्ने कार्यालय भूमिकास्थान नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ठ) “योगदानकर्ता” भन्नाले भूमिकास्थान नगरपालिकाको कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

**३. जिम्मेवारी र उत्तरदायित्व:**

(१) नगरपालिका भित्र, वडा कार्यालय र यस मातहत रहेका भूमिकास्थान नगरपालिका नगर कार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तान गर्ने करारका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउदै लैजानु भूमिकास्थान नगरपालिका नगर कार्यपालिका कार्यालयको जिम्मेवारी रहने छ ।

(२) नगर कार्यपालिकाले आफ्ना करार कर्मचारीहरुलाई वार्षिक रुपमा सामाजिक सुरक्षा कोषमा व्यवस्थापन गर्न आवश्यक पर्ने बजेटका लागि रोजगारदाताको तर्फबाट बुझाउनु पर्ने २० प्रतिशत रकम सुनिश्चितता गरी नगरसभाबाट विनियोजित गराउनु पर्नेछ ।

(३) भूमिकास्थान नगरपालिका नगर कार्यपालिकाको कार्यालय वा नगरपालिका कार्यालय मातहत रहेका वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भए पश्चात स्वत: लागु हुनेछ । कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्य भूमिकास्थान नगरपालिका नगर कार्यपालिकाको कार्यालयले गर्नुपर्नेछ ।

(४) भूमिकास्थान नगरपालिका नगर कार्यपालिकाको कार्यालयले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध कर्मचारीहरुको योगदानको रकम प्रत्येक महिना योगदानकर्ताको तर्फबाट ११ प्रतिशत र रोजगारदाताको तर्फबाट २० प्रतिशत गरि जम्मा ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्नेछ ।

**४. समिति गठन:**

(१) करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत गरी आबद्ध गराउन देहायबमोजिमको समिति गठन गरिनेछ ।

(क) नगरपालिका प्रमुख - संयोजक

(ख) नगरपालिका उप प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) सामाजिक विकास समिति संयोजक -सदस्य
(ङ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
(च) कर्मचारी प्रशासन शाखा प्रमुख - सदस्य सचिव

**५. समितिको काम, कर्तव्य र अधिकारः**

दफा ४ को उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछः

(क) नगरपालिकामा निरन्तर ३ बर्ष वा सो समय भन्दा बढी समय सेवा अवधी कार्य गरेका करारका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध वा सूचीकृत गर्न संख्याको यकिन गर्ने ।

(ख) नेपाल सरकारद्वारा कार्यान्वयनमा लगिएका योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, सो सम्बन्धमा बनेका नियमावली, कार्यविधि, राजपत्र तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा गरिएका परिपत्रहरुमा सम्बन्धित रहेर करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्धता गराउने ।

(ग) अनलाईन माध्यमबाट नगर कार्यपालिकालाई रोजगारदाताको रुपमा र करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचीकृत गर्न सामाजिक सुरक्षा कोषसँग समन्वय गरी सूचीकरण गर्ने वा गराउने ।

(घ) करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचीकृत गर्न अन्य आवश्यक समन्वयात्मक कार्य गर्ने ।

**६. अनुगमन तथा मूल्याङ्कनः**

कार्यविधिले तोकेबमोजिमको कामकाज सम्बन्धमा नगर कार्यपालिकाको कार्यालयले आवश्यक अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ ।

**७. थपघट, हेरफेर वा संशोधनः**

नगरसभा/कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**८. बाधा अड्काउ फुकाउ :**

यो कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा यस कार्यविधिको मूल मर्म प्रतिकूल नहुने गरी नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

आज्ञाले
(जग्दिश चन्द्र नेपाली)
प्रमुख प्रशासकीय अधिकृत